कोन्ज्योसोम गाँउपालिकाको सुचना

स्थानीय राजपत्र

वर्ष ३, भाग १, खण्ड ३

मिति २०७६।०७।०४

कोन्ज्योसोम गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
चौघरे, ललितपुर
३ नं. प्रदेश, नेपाल
२०७३

## शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि(पहिलो संशोधन), २०७४

कोन्ज्योसोम गाँउपालिका शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि २०७४ लाई संशोधन गर्न बाच्छनीय भएकोले,

गाँउपालिका शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को नियम १३६ ले दिइएको अधिकार प्रयोग गरी गाँउ कार्यपालिकाले देहायका नियमहरु बनाएको छ ।

१.संक्षिप्तनाम र प्रारम्भ : १) यी कार्यविधिको नाम“कोन्ज्योसोम गाँउपालिकाशिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि(पहिलो संशोधन) २०७४” रहेको छ ।

२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२) शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को नियम ६० मा संशोधन : मुल कार्यविधिको नियम ६० को उपनियम ९ को सट्टा देहायको उपनियम (९) राखिएको छ :

यदि कुनै विद्यालयको बार्षिक परीक्षाको सिकाइ उपलब्धी ५० प्रतिशत भन्दा कम भएमा, विद्यालय व्यवस्थापन समितिले विद्यालयको विकास र हितमा दिइएको निर्देशन बारम्बार उल्लघंन गरेमा, गाँउपालिकाद्धारा जारी गरिएको शिक्षा सम्बन्धी ऐन, नियमावली र कार्यविधिलाई उल्लंघन गरी कार्य गरेमा त्यस्तो विद्यालयको प्रधानाध्यापकलाई सम्बन्धित विद्यालयको विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउ शिक्षा समितिले जुनसुकै समयमा प्रधानाध्यापक पदबाट हटाउन सक्ने छ । कुनै प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौकाबाट बञ्चित गरिने छैन ।

३) शिक्षा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को नियम ६२ मा संशोधन : मुल कार्यविधिको नियम ६२ को उपनियम७ को सट्टा देहायको उपनियम (७) राखिएको छ :

७) शिक्षक छनौट समिति : सामुदायिक विद्यालयमा प्रधानाध्यापक, करारमा शिक्षक, कर्मचारी वा संस्थागत विद्यालयमा स्थायी शिक्षक नियुक्तिका लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ :

क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य- अध्यक्ष

ख) गाँउपालिकाको शिक्षा शाखाको प्रमुख वा निजले तोकेको अधिकृत प्रतिनिधि -सदस्य

ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नुपर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका विशेषज्ञहरुमध्ये बाट २ जना -सदस्य

घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - सदस्य सचिव

३) उपनियम ७ पछि देहायअनुसार ७क थप गरिएको छ :

७(क) शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र गाँउ कार्यपालिकाको कार्यालय वा शिक्षा शाखाले तोकेको स्थानमा संचालन गरिने छ ।

आज्ञले

रोमबहादुर महत

प्रमुख प्रशासकिय अधिकृत